apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १५९ ● पृष्ठः ४ ● १२ असार २०८३ शुक्रबार (26 June 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




# सदरमुकामको सडक विस्तारमा ठेकेदारको बदमासी

## खाल्डाखुल्डीले गर्दा स्थानीयदेखि सेवाग्राहीसम्मलाई जोखिममा



**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, असार ११ गते**

सिरहा सदरमुकाम क्षेत्रमा निर्माणाधीन फोरलेन सडकको कालोपत्रे तथा कर्भस्टोन जडान कार्यमा ठेकेदार कम्पनीको चरम लापरबाहीका कारण सर्वसाधारणको जीवन जोखिममा परेको छ।

सडक डिभिजन कार्यालय लहानले फोरलेन सडकमा स्तरोन्नति गर्न यसखण्डको सडक निर्माणको टेण्डर गर्यो। ७ करोड ५८ लाख भन्दा वढी रकमको लागतकामा सडक स्तोरोन्नती गरी कालोपत्रे गर्ने, साईडमा कर्भस्टोन लगाउने गरी निर्माण कम्पनी भगत बाबा जेभी बानेश्वरले सम्झौता गरेको छ। यही असार ३० गतेसम्म काम सक्ने गरी निर्माण कम्पनीले सम्झौता गरेपनि सडक बनाउने काम नै रोकेको छ। झन् सडक बनाउन माटो ग्राभेल हटाएर खाल्डाखुल्डी बनाएको छ। जहाँ पानी जमेको छ।

माटो र ग्राभेल हटाएर खाल्डाखुल्डी छाडेपनि नागरिकको जीवन जोखिमा परेको छ। स्थानीयदेखि सेवाग्राहीका रुपमा सदरमुकाम सिरहा आउनेलाई यसले सास्ती र असुरक्षित बनाएको छ। सडक किनारमा खनेका खाल्डाखुल्डी, निर्माण सामग्री र अधुरा संरचनालाई सुरक्षित व्यवस्थापन नगर्दा दुर्घटनाको जोखिम बढेको स्थानीय अगुवा शम्भू साहले बताएका छन्। विशेषगरी रातिको समयमा चेतावनी बोर्ड, संकेत चिन्ह तथा पर्याप्त सुरक्षा व्यवस्था नहुँदा पैदलयात्री, साइकल चालक तथा मोटरसाइकल चालक बढी जोखिममा परेको साहले बताए।

स्थानीय अनुसार निर्माण कम्पनीले काम गर्ने क्रममा सडकको केही भाग अस्तव्यस्त छाडेको छ भने कतिपय स्थानमा खाल्डा खुल्लै राखिएकाले साना बालबालिका, वृद्धवृद्धा तथा सर्वसाधारणलाई आवतजावत गर्न समस्या भइरहेको छ। सडक स्तरोन्नति कार्य अन्तर्गत सिरहा-मिर्चैया-कटारी-घुर्मी-ओखलढुंगा-सल्लेरी सडकखण्डमा चार लेन सडक निर्माण, कालोपत्रे तथा कर्भस्टोन जडानको काम गर्नुपर्नेमा अहिले रोकेको छ। आयोजना सूचना बोर्डअनुसार उक्त कार्यको जिम्मा एम/एस भगत बाबा जेभी, काठमाडौंले लिएको छ।

स्थानीय बासिन्दाले निर्माण

बाँकी पृष्ठ २ ▸▸

# रास्वपा महाधिवेशनमा नगएका अमरेशको चेतावनीः संघीयतामाथि हस्तक्षेप स्वीकार्य हुँदैन

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ११ गते**



रास्वपाका सांसद अमरेशकुमार सिंहले रास्वपाकै प्रस्तावनामाथि कडा टिप्पणी गरेका छन्। पहिलो महाधिवेशनबाट प्रदेश सभा खारेज गर्ने दस्तावेज पारित भएसँगै उनले लोकतन्त्र, सङ्घीयता र समावेशितामा कुनै पनि प्रकारको हस्तक्षेप स्वीकार्य नहुने बताएका हुन्।

उनी रास्वपाको महाधिवेशनमा भने सहभागी भएनन्। जनकपुरमा रहेका उनले सामाजिक सञ्जालमा आफ्नो धारणा सार्वजनिक गर्दै सांसद सिंहले नेपालको लोकतान्त्रिक व्यवस्था, सङ्घीय शासन प्रणाली र समावेशी चरित्रमाथि कसैले छेडखानी गर्न खोजे नेपाली जनताले त्यसको सशक्त प्रतिरोध गर्ने चेतावनी दिएका छन्।

'जगत जननी सीतामाताको भूमि जनकपुरधामबाट आज फेरि भन्दैछु- नेपालको लोकतन्त्र, सङ्घीयता र समावेशितासँग कसैले छेडखानी गर्छ भने नेपाली जनताले यसको सशक्त प्रतिरोध गर्नेछन्' उनले भनेका छन्।

सांसद सिंहले नेपाली जनताको मुख्य चाहना सुशासन र समृद्धि रहेको उल्लेख गर्दै राजनीतिक दल र जनप्रतिनिधिहरूले त्यसतर्फ केन्द्रित हुनुपर्ने बताए। 'जनताले सुशासन र समृद्धि खोजेका छन्। हामी हरेक कदममा जनताको साथ हुनेछौं, उनले भने।

रास्वपाले आफ्नो प्रथम महाधिवेशन बाट प्रदेश सभा खारेज गर्ने नीति

बाँकी पृष्ठ ३ ▸▸

# अनियन्त्रित कारले घरअगाडि बसेकालाई ठक्कर दियो, एक जनाको मृत्यु

## उद्धारमा खटिएकाहरूलाई समेत अर्को गाडीले ठक्कर दिँदै चालकलाई लिएर फरार



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ११ गते**

सिरहाको मिर्चैया नगरपालिका-८ भगवतपुरमा बुधबार मध्यराति भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने उद्धारमा खटिएका स्थानीयसहित अन्य केही व्यक्ति घाइते भएका छन्। दुर्घटनापछि घटनास्थलमा पुगेको अर्को गाडीले उद्धारमा संलग्न व्यक्तिहरूलाई समेत ठक्कर दिँदै दुर्घटनाग्रस्त कारका चालकलाई लिएर फरार भएको घटनाले थप सनसनी मच्चाएको छ।

मृत्यु हुनेमा स्थानीय ५० वर्षीय गुनाई ठाकुर रहेका छन्। प्रहरीका अनुसार राति करिब साढे ११ बजे अत्यधिक गतिमा आएको बागमती प्रदेश ०१-०२५ च ८९७१ नम्बरको इभी कार अनियन्त्रित भई घरअगाडि विद्युत् पोल नजिक कुर्सीमा बसिरहेका ठाकुरलाई ठक्कर दिएको थियो। ठक्करपछि कार पोलमा ठोक्किँदै सडक छेउको नालामा खसेको थियो।

दुर्घटनापछि स्थानीयवासीहरू घाइते ठाकुरलाई एम्बुलेन्समार्फत अस्पताल पठाउने तयारीमा जुटिरहेका बेला अर्को पिकअप गाडी घटनास्थलमा पुगेको थियो। प्रहरीले जनाएको अनुसार उक्त गाडीले उद्धारमा खटिएका स्थानीयहरूलाई समेत ठक्कर दिँदै दुर्घटनाग्रस्त कारका चालकलाई लिएर

बाँकी पृष्ठ ३ ▸▸

# कक्षा १२ को नतिजामा लापरबाही भएको विद्यार्थीहरूको आरोप, के भन्छन् शिक्षामन्त्री ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ११ गते**

राष्ट्रिय परीक्षा बोर्डले जाँच सकिएको एक महिनाभित्रै सार्वजनिक गरेको कक्षा १२ को नतिजामा लापरबाही भएको भन्दै विहीबार केही विद्यार्थीले काठमाडौंको माइतीघरमा प्रदर्शन गरे।

बोर्डले एक साताअघि असार ५ गते कक्षा १२ को नतिजा सार्वजनिक गरेको थियो। एक महिनाभित्रै नतिजा निकाल्ने हतारमा राम्ररी कापी जाँच नभएको आशंका गर्दै विद्यार्थीहरूले प्रदर्शन गरेका हुन्।

प्रदर्शनमा सहभागी विद्यार्थीहरूले जाँच राम्रो भए पनि अपेक्षा अनुसार




ग्रेड नआएको गुनासो गरेका छन्।

छिटो नतिजा प्रकाशन गर्ने नाममा मूल्यांकन प्रक्रियामै लापरबाही गरिएको हुन सक्ने विद्यार्थी रञ्जित कार्कीको भनाइ छ।

जाँचमा आफूले राम्ररी जबाफ लेखेको दाबी गर्दै उनले त्यस अनुसार ग्रेड नआएकाले 'रिटोटलिङ' मात्र गरेर नपुग्ने, उत्तरपुस्तिका नै पुनः जाँच गरिनुपर्ने माग गरेका छन्।

'हाम्रो उत्तरपुस्तिका रि-चेकिङ

बाँकी पृष्ठ ४ ▸▸









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## निर्माणको नाममा असुरक्षित नागरिक

हुलाकी राजमार्गअन्तर्गत सिरहाको औरही गाउँपालिका-५ स्थित गागन खोलामा निर्माणाधीन पुल नजिक सडक भासिएको छ। यो हाम्रो निर्माण व्यवस्थापन, निगरानी प्रणाली र जनसुरक्षाप्रतिको संवेदनशीलताको गम्भीर परीक्षण पनि हो। सडकको भित्री भाग कटान भएर खोक्रो बनेपछि दुर्घटनाको जोखिम बढेको छ भने यातायात आवागमन वैकल्पिक मार्गमा मोड्नुपर्ने अवस्था सिर्जना भएको छ। यस्तो अवस्था कुनै प्राकृतिक विपत्ति मात्र नभई निर्माण प्रक्रियामा आवश्यक सावधानी नअपनाउँदाको परिणाम पनि हो। नयाँ पुल निर्माणका क्रममा गरिएको माटो उत्खनन र त्यसपछि परेको वर्षाका कारण सडकको आधारभूत संरचना कमजोर बनेको देखिन्छ। बाहिरबाट सडक सामान्य देखिए पनि भित्रको माटो बगिसकेको अवस्थामा कुनै पनि बेला ठूलो दुर्घटना हुन सक्छ।

जोखिमयुक्त क्षेत्रलाई सुरक्षाका मापदण्डअनुसार घेराबार, संकेतचिन्ह वा चेतावनी बोर्ड राखेर सुरक्षित बनाइएको छैन । यसले सम्बन्धित निर्माण कम्पनी र निगरानी निकाय दुवैले जनसुरक्षालाई आवश्यक प्राथमिकता नदिएको संकेत गर्छ । सार्वजनिक सडक कुनै निर्माण कम्पनीको प्रयोगशाला होइन, जहाँ परीक्षणका नाममा नागरिकको ज्यान जोखिममा पार्न सकियोस्। पुल निर्माण आवश्यक छ, विकासका काम पनि रोकिनु हुँदैन। तर विकासको नाममा विद्यमान सडक संरचना बिगार्ने, त्यसको जोखिम व्यवस्थापन नगर्ने र यात्रुलाई असुरक्षित अवस्थामा यात्रा गर्न बाध्य बनाउने प्रवृत्ति स्वीकार्य हुन सक्दैन। निर्माणका क्रममा उत्पन्न हुने जोखिमको पूर्वानुमान, नियन्त्रण र व्यवस्थापन ठेकेदारको पहिलो दायित्व हो भने त्यसको प्रभावकारी अनुगमन राज्यका निकायको जिम्मेवारी हो।

नेपालमा धेरैजसो निर्माण आयोजनामा देखिने साझा समस्या यही हो। काम सुरु हुन्छ, तर सुरक्षा व्यवस्थापन अन्तिम प्राथमिकतामा पर्छ। दुर्घटना भएपछि मात्र चासो देखाउने संस्कारले पूर्वाधार विकासलाई दिगो र नागरिकमैत्री बनाउन सक्दैन। गागन खोलाको सडक भासिएको घटनाले पनि यही कमजोरी उजागर गरेको छ। यदि समयमै आवश्यक सुरक्षा उपाय अपनाइएको भए अहिलेको जोखिमपूर्ण अवस्था टार्न सकिन्थ्यो। सम्बन्धित निकायले तत्काल भासिएको सडकको प्राविधिक मूल्याङ्कन गरी मर्मत तथा संरक्षणको काम अघि बढाउनुपर्छ। निर्माण क्षेत्रलाई सुरक्षाका मापदण्ड अनुसार घेराबार गर्न, स्पष्ट चेतावनी संकेत राख्न र वैकल्पिक मार्गलाई व्यवस्थित बनाउन ढिलाइ गरिनु हुँदैन। साथै, निर्माण कम्पनीबाट भएको लापरबाही प्रमाणित भए आवश्यक कारबाही र क्षतिपूर्ति सुनिश्चित गर्नुपर्छ। विकासको मापन केवल पुल, सडक वा भवनको संख्याले हुँदैन। ती निर्माणका क्रममा नागरिकको सुरक्षा कति सुनिश्चित गरियो भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ। गागन खोलाको घटना सम्बन्धित पक्षका लागि चेतावनी हो। पूर्वाधार निर्माणको लक्ष्य पूरा गर्नु जति आवश्यक छ। त्यसलाई सुरक्षित, जिम्मेवार र जनउत्तरदायी ढङ्गले सम्पन्न गर्नु त्यति नै अपरिहार्य छ। विकासको बाटो जनताको सुरक्षामाथि टेकेर अघि बढ्नु हुँदैन।

## सदरमुकामको सडक विस्तारमा ............

कम्पनीलाई सुरक्षा मापदण्ड पालना गर्दै काम गर्न र जोखिमपूर्ण स्थानमा तत्काल आवश्यक सुरक्षा व्यवस्था मिलाउन माग गरेका छन्। यता सम्बन्धित निकायले पनि निर्माण कार्यको नियमित अनुगमन गरी नागरिकको सुरक्षामा ध्यान दिनुपर्ने आवाज उठ्न थालेको छ। निर्माण कम्पनीको लापरबाहीका कारण कुनै अप्रिय घटना हुनुअघि नै सम्बन्धित निकायले आवश्यक कदम चाल्नुपर्ने स्थानीयको माग रहेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# मधेशमा 'भुसको आगो' बन्दै लागुऔषध

✍ **सुरेश बिडारी**

बाराको जीतपुर सिमरा-१९ पिपरियाकी कान्ती चौधरी आफ्नो कान्छो छोराको कुलतका कारण चिन्तित छिन्।

आठ कक्षापछि पढाइ छाडेर मजदुरी गर्न थालेका उनका छोरा कहिले लागुऔषधको लतमा फसे, परिवारले थाहा नै पाएन।

'पहिला काम सकेर बेलैमा घर आउँथ्यो। पछि दिनभरि सुत्न थाल्यो, साँझ मात्रै बाहिर निस्किन्थ्यो,' उनले भनिन्।

अहिले छोराको उपचार गराइरहेकी कान्तीका अनुसार गाउँमा छोराको उमेरका थुप्रै केटाहरू लागुऔषधको कुलतमा फसेका छन्।

जीतपुर सिमरा-९ का वडाध्यक्ष दीपेन्द्र क्षेत्री किशोर तथा युवामा लागुऔषध प्रयोग व्यापक मात्रामा बढेको बताउँछन्।

'गाँजा, ट्याब्लेट र अन्य पदार्थ सेवन गर्ने युवा बढेका छन् । अनुशासनहीनता, झैझगडा र सामाजिक समस्या पनि बढिरहेका छन्,' उनले भने।

महोत्तरीको जलेश्वरका ३५ वर्षीय भवेश विद्यालय तहमा अब्बल विद्यार्थी थिए। कक्षा १२ मा डिस्टिङ्सन ल्याएर इन्जिनियरिङ पढ्न काठमाडौं पुगेका उनले लागुऔषधको लतका कारण पढाइ छाडे।

जलेश्वर घर फर्किएपछि लत झन् बढ्यो। सीमापार गए जति पनि पाइन्थ्यो।

अत्यधिक लागुऔषध सेवनका कारण मानसिक अवस्था कमजोर बन्दै गएको उनको अनुभव छ। हाल उनी वीरगञ्जस्थित पुनः स्थापना केन्द्रमा उपचाररत छन्।

'कलेज पढ्दा चुरोटबाट सुरू भएको बानीले अन्ततः बेग्लै दुनियाँमा पुर्‍यायो,' उनी भन्छन्।

आफूमा परिवर्तन आएको महसुस गरे पनि गाउँमा धेरै किशोर-युवा लागुऔषधको कुलतमा फसिरहेकोमा उनी चिन्तित छन्।

गृह मन्त्रालयले तत्कालीन तथ्यांक विभागको प्राविधिक सहयोगमा विभिन्न समयमा गरेको अध्ययन अनुसार नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या निरन्तर बढ्दो क्रममा छ।




२०६३ सालमा करिब ४६ हजार रहेको संख्या २०६९ मा ९१ हजारभन्दा बढी पुगेको थियो। २०७६ सालको राष्ट्रिय सर्वेक्षणले देशभर लागुऔषध प्रयोगकर्ताको संख्या १ लाख ३० हजारभन्दा बढी हुनसक्ने अनुमान गरेको थियो।

उक्त अध्ययन प्रतिवेदनमा अधिकांश प्रयोगकर्ताले २० वर्षभन्दा कम उमेरमै पहिलो पटक लागुऔषध सेवन सुरू गरेको र सर्वाधिक प्रयोग हुने पदार्थ गाँजाजन्य रहेको उल्लेख छ।

प्रतिवेदनमा सुदूरपश्चिम (१९.२ प्रतिशत) पछि लागुऔषध प्रयोग सुरू गर्ने किशोर-किशोरीहरू मधेश प्रदेशमा धेरै (१४.४ प्रतिशत) रहेको देखाएको छ । त्यसयता लागुऔषध प्रयोगकर्ताबारे सर्वेक्षण भएको छैन।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले सन् २०२४ मा सार्वजनिक गरेको प्रतिवेदन अनुसार नेपालमा सुईमार्फत लागुऔषध प्रयोग गर्ने व्यक्तिको संख्या ३९ हजारदेखि ४९ हजारबीच हुनसक्ने अनुमान छ। यस्ता प्रयोगकर्ता मधेश प्रदेशमा ६ देखि ८ हजार भएको अनुमान छ।

विद्यार्थी जागरण मञ्च (विजाम) का कार्यक्रम संयोजक निरज साह पर्सा क्षेत्रमा मात्रै प्रत्येक वर्ष सुईबाट लागुऔषध प्रयोग गर्ने करिब एक सय नयाँ प्रयोगकर्ता सम्पर्कमा आउने गरेको बताउँछन्।

'वीरगञ्ज र सीमावर्ती गाउँमा सुईबाट लागुऔषध प्रयोग गर्नेको संख्या बढ्दो छ। फार्मास्युटिकल्सजन्य औषधि र ब्राउन सुगर उमालेर प्रयोग गर्ने प्रवृत्ति देखिन्छ,' उनले भने।

उनका अनुसार प्रयोगकर्ताले चुरोटबाट सुरू गर्छन्, त्यसपछि गाँजा, चरेस हुँदै ट्याब्लेट खान थाल्छन्। ट्याब्लेटको मात्रा बढ्दै जान्छ, अनि ब्राउन सुगर तान्ने वा इन्जेक्सनबाट लागुऔषध लिने गर्छन्।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालका लागि नेपाल जनस्वास्थ्य अनुसन्धान तथा विकास केन्द्र (पिएचआरडी) ले किशोर-किशोरीहरूमा लागुऔषधको प्रयोग सम्बन्धी अभ्यास र प्रवृत्ति सर्वेक्षण गरी प्रतिवेदन तयार गरेको छ।

सन् २०२३ मा सर्लाही रौतहट लगायत ५ जिल्लाका १ हजार २१ जनामा गरिएको सर्वेक्षण अनुसार १५.५ प्रतिशतले सुर्ती, रक्सी र गाँजा खाने गरेको पाइएको थियो। प्रतिवेदनले किशोर किशोरीहरूमा लागुऔषधको प्रयोग उच्च रहेको तथा उनीहरू यसको असरबारे अनभिज्ञ रहेको उल्लेख गरेको छ।

### दुर्व्यसन र अपराधको सम्बन्ध

प्रहरी अधिकारीहरूका अनुसार लागुऔषध दुर्व्यसन र अपराधबीच प्रत्यक्ष सम्बन्ध देखिने गरेको छ।

इलाका प्रहरी कार्यालय महेशपुरका प्रहरी निरीक्षक विशाल मल्लका अनुसार ग्याङ फाइट, चोरी, लुटपाट, जबरजस्ती करणी प्रयासजस्ता घटनामा लागुऔषध प्रयोगकर्ताको संलग्नता भेटिएको छ।

सिरहाको नवराजपुर गाउँपालिका-३ की एक किशोरी २०८१ पुस ९ गते यौन दुर्व्यवहारमा परिन्। उनीमाथि जबरजस्ती करणीको प्रयास गर्ने श्याम सुन्दर यादव लागुऔषध प्रयोगकर्ता रहेको प्रहरीले निरीक्षक विशाल बताउँछन्।

१४ असोज २०८२ मा वीरगञ्ज-१० गीता मन्दिर रोडमा 'गोल्डेन' भनिने २० वर्षीय शिवम साहको हत्या भयो। उनको हत्यामा संलग्न रहेको आरोपमा वीरगञ्ज-२४ रामगढवा बस्ने गौतम पटेल (१९) समेत ८ जना विरूद्ध मुद्दा चलेको छ।

'खुनी दरिन्दा' नामक ह्वाट्सएप ग्रुपका यी सदस्यहरू लागुऔषध सेवनकर्ता रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार विशेष गरी सिन्थेटिक लागुऔषध सेवन गर्नेहरू बढी उत्तेजित र हिंसात्मक व्यवहार देखाउने गर्छन्।

'तलतल बढ्दै जाँदा पैसा जुटाउन चोरी, लुटपाट वा अन्य आपराधिक गतिविधिमा संलग्न हुने जोखिम बढ्छ,' उनले भने।

विजामका कार्यक्रम संयोजक निरज साह लागुऔषधको लतले धेरैलाई घरभित्रै चोरी गर्न बाध्य बनाउने बताउँछन्।

'पैसाका लागि गरगहना, भाँडाकुँडा जस्ता सामान चोरी गर्ने प्रवृत्ति देखिन्छ,' उनले भने।

त्यसबाहेक साइकल, हेलमेट, फलाम, तामा, पित्तलका सामान लगायत सजिलै बिक्री हुने सामग्री चोरीमा उनीहरूको संलग्नता भेटिने साह बताउँछन्।

### तीन वर्षमा २७ सयभन्दा बढी पक्राउ

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा मधेशमा लागुऔषध सम्बन्धी १,९२६ मुद्दा दर्ता भएका छन्।

यस अवधिमा २,७०१ जना पक्राउ परेका छन्, जसमध्ये १ जना विदेशी, ९ जना भारतीय सहित १०७ जना महिला छन्। चालु आर्थिक वर्षको जेठसम्मको तथ्यांक यसमा समावेश छ।

प्रहरीले यही अवधिमा ३९ हजार ३९२ किलो गाँजा, ४५१.५९३ किलो ब्राउन सुगर, ९०३.७०७ किलो चरेश, ५१.१३० किलो अफिम, ११४३.६६१ किलो हिरोइन बरामद गरेको छ।

ट्रामाडोल, डाइजेपाम, नुर्फिन लगायतका भारतबाट आयात गरिएका फर्मास्युटिकलजन्य पदार्थ पनि बरामद भएका छन्। गाँजा र अफिमजस्ता पदार्थ नेपालबाट भारततर्फ जाने गरेको मधेश प्रहरी कार्यालयका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकाल बताउँछन्।

मधेश प्रदेश भारतसँग खुला सीमाले जोडिएको छ। प्रहरीका अनुसार यही कारण औषधिजन्य लागुऔषधको अवैध आयात र नेपालबाट भारततर्फ हुने तस्करी दुवै चुनौती बनेका छन्।

पछिल्लो एक वर्षमा पर्सा र बारामा ट्रामाडोल, कोडिनयुक्त औषधि, अफिम, हिरोइन तथा अन्य पदार्थका दर्जनौं खेप बरामद भएका छन्। धेरैजसो घटनामा पक्राउ परेकाहरू स्वयं प्रयोगकर्ता वा साना भरिया रहेको प्रहरीको निष्कर्ष छ।

प्रहरी नायब उपरीक्षक हरिबहादुरका अनुसार सीमावर्ती भारतीय बजारमा यस्ता पदार्थ सहज रूपमा उपलब्ध

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** व्यापारिक तथा साझेदारीका कामबाट राम्रो लाभ मिल्ने समय छ।

**बृष :** प्रतिस्पर्धीहरूमाथि विजय प्राप्त हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ र पुराना रोगहरूबाट राहत मिल्न सक्छ।

**मिथुन :** बौद्धिक कार्य र रचनात्मक क्षेत्रमा ठूलो सफलता मिल्नेछ। सन्तान पक्षबाट सुखद समाचार सुन्न पाउनुहुनेछ।

**कर्कट :** पारिवारिक सुख र सुविधाहरूमा वृद्धि हुनेछ। घरजग्गा वा सवारी साधन खरिदको योजना बन्न सक्छ।

**सिंह :** दाजुभाइ तथा दिदीबहिनीबाट पूर्ण सहयोग मिल्नेछ। तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ।

**कन्या :** आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ। धन सञ्चय गर्ने प्रयास सफल हुनेछ।

**तुला :** आजको दिन तपाईंको लागि अत्यन्तै विशेष र शुभ रहनेछ। मनमा प्रसन्नता र उत्साह छाउनेछ।

**वृश्चिक :** खर्चमा अचानक वृद्धि हुन सक्छ, त्यसैले बजेट सन्तुलनमा राख्न आवश्यक छ।

**धनु :** आयआर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। पुराना लगानीबाट राम्रो प्रतिफल मिल्नेछ।

**मकर :** कार्यक्षेत्र र करियरको दृष्टिकोणले आजको दिन निकै उत्तम छ।

**कुम्भ :** भाग्यले पूर्ण रूपमा साथ दिनेछ। रोकिएका कामहरू स्वतः सुल्झिँदै जानेछन्।

**मीन :** आजको दिन अलि सतर्क रहनुपर्ने देखिन्छ। स्वास्थ्यमा उतारचढाव आउन सक्ने भएकाले खानपानमा ध्यान दिनुहोला।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# सिरहामा विपत् उद्धार तथा सुरक्षा सामग्री हस्तान्तरण

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ११ गते**

जिल्ला प्रशासन कार्यालय सिरहालाई प्राकृतिक प्रकोपको समयमा तत्काल प्रयोगका लागि विपत् उद्धार तथा सुरक्षा सामग्रीहरू हस्तान्तरण गरिएको छ । जल उत्पन्न तथा आगलागीसहितका विपतमा फसेकाहरूको तत्काल उद्धार तथा सुरक्षाका लागि विहीबार प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई उक्त सामग्रीहरू हस्तान्तरण गरिएको हो ।




अर्नमा गाउँपालिकामा सञ्चालित 'सबल बालिका, सबल समुदाय' परियोजनाअन्तर्गत प्लान इन्टरनेसनल नेपालकी काजल झा तथा साझेदार लहानस्थित दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेशकुमार बिसुन्खेले संयुक्त रूपमा सामग्री हस्तान्तरण गरेका हुन् । सो अवसरमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाका जिल्ला प्रमुखहरूको उपस्थिति थियो ।

हस्तान्तरित सामग्रीहरूमा नौ लाख ८१ हजार ५१४ रुपैयाँबराबरका लाइफ ज्याकेट, डोरी, जुमर, ओरिङ, ६ किलो दरको दुई थान फायर एक्सटिङ्गर, हेलमेट, बडी ब्याग, रेस्क्यु राफ्ट, पिपिई सेटलगायत ३२ प्रकारका सामग्री रहेको क्लबका अध्यक्ष बिसुन्खेले बताए । उनका अनुसार त्यसअघि सोमबार अर्नमा गाउँपालिकालाई पनि विपत् उद्धार तथा सुरक्षा सामग्रीहरू हस्तान्तरण गरिएको छ ।

**उद्धार तथा सुरक्षाका लागि सहज**

विपत् उद्धार तथा सुरक्षा सामग्री बुझ्दै प्रजिअ पौडेलले जल उत्पन्न तथा आगलागीका समयमा प्रयोग गरिने सामग्रीहरूले उद्धारमा संलग्न व्यक्तिको सुरक्षासहित उद्धारका लागि सहज हुने बताए । 'जिल्लाको विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनका लागि प्राप्त सामग्रीहरू उपयोगी हुनेछन्,' उनले भने, 'प्राप्त गरिएका सामग्रीहरू नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई हस्तान्तरण गरिनेछ ।'

जिल्लाका तीन सुरक्षा निकायसँग विपत् उद्धार तथा सुरक्षा सामग्रीहरू स्टकमा रहेको जानकारी दिँदै उनले त्यसबाहेक स्थानीय तह, सामुदायिक संस्थाहरूसँग पनि केही सामग्री रहेको बताए । प्रकोपजन्य विपतका वेला स्थानीय तह, सामुदायिक संस्थासँग भएका सामग्री प्रयोग गर्दा पनि उद्धारमा कठिनाइ भएको खण्डमा उद्धार सामग्रीसहित सुरक्षा निकाय परिचालन हुने उनले बताए ।

जिल्ला विपत् व्यवस्थापन समिति सिरहाका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा सुक्खा मौसममा आगलागी तथा मनसुनका वेला बाढी डुबान तथा कटानको जोखिम छ । जिल्लाको पश्चिमी सीमाको रूपमा रहेको कमला नदीमा मनसुनका वेला अत्यधिक वर्षा तथा जलस्तर वृद्धि हुँदा सिरहा नगरपालिकाकाअन्तर्गत पर्ने ४, ५, ६, १२, १३, १७ नं. वडाअन्तर्गत पर्ने रमौल, खर्सलवा, मानपुर, बसबिट्टा, कठकोलवा, महरा तथा पासवान टोल, सारश्वर कल्याणपुर नगरपालिका २, ३ र ५ नं. वडामा पर्ने चतरी, दोनवारी, इटारी प्रसाही, निर्दना भोक्राहा, कर्जन्हा नगरपालिकाको ३, ६, ७ नं. वडाअन्तर्गत टीकापुर, बन्दीपुर, खैराटोल, सुन्दरपुर, बेतहा, मिर्चैया, प्रेमनगर, मरेवा गाउँ प्रभावित हुने गरेको विपत् प्रतिकार्य योजनामा उल्लेख छ ।

त्यस्तै, जिल्लाको पूर्वी सीमा नदी बलान तटीय क्षेत्रमा पर्ने लहान नगरपालिकाको ३, ४, ५, ९, १०, १९ र २३ नं. वडा क्षेत्रमा पर्ने लहान, सोनमती मझौरा, गाढा, सखुवानन्कारकट्टी गाउँपालिकाको ३, ४ र ५ नं. वडाका सखुवानन्कारकट्टी, परिहारपुर, इटहर्वा, सिम्राहा, तिलेबोना, भगवानपुर गाउँपालिकाको १, ३ र ४ नं. वडाका लालपुर, कल्याणपुर, सिनुवारीलगायतका गाउँ प्रभावित हुने गरेका छन् भने गागन तथा गल्थु नदीको कारणले औरही गाउँपालिकाको १, २, ३, ४ र ५ नं. वडाको हरकट्टी, कुन्डलपुर, मालटोल, बनिनियाँ, तुलसीपुर, औरही, कडहर्वा, जमुवा, नवटोली, इँटाटार, कमलपुर र देउरीपट्टी गाउँहरू प्रभावित हुने गरेका छन् ।

# डिभिजन वन कार्यालय रौतहटका प्रमुखको सरुवा कार्यान्वयन गर्न चुरे अभियानको माग



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ११ गते**

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहको सरुवा भएको दुई साताभन्दा बढी समय बितिसक्दा पनि निर्णय कार्यान्वयन नभएको भन्दै चुरे तथा वनजंगल संरक्षण अभियानले तत्काल कार्यान्वयनको माग गरेको छ ।

अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले बुधबार मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालय, जनकपुरधाममा ज्ञापनपत्र बुझाउँदै सरुवा आदेश अविलम्ब कार्यान्वयन गर्न आग्रह गरेका हुन् । उनले मन्त्रालयलाई बुझाएको ध्यानाकर्षण पत्रमा सरुवा निर्णय समयमै कार्यान्वयन नहुनुले मन्त्रालयका निर्णयहरू कागजी र प्रभावहीन बन्दै गएको सन्देश प्रवाह भएको आरोप लगाएका छन् ।

ज्ञापनपत्रमा रौतहट वन क्षेत्रमा भएका विभिन्न अनियमितता तथा घटनाबारे गठित छानबिन समितिहरूले प्रतिवेदन बुझाइसक्दा पनि सार्वजनिक तथा कार्यान्वयन नगरिनु शंकास्पद रहेको उल्लेख गरिएको छ । साथै महोत्तरीको बर्दिबास-कालापानी क्षेत्रमा वन अतिक्रमण नियन्त्रणका क्रममा वन कर्मचारी श्वेता झा, समुनु श्रेष्ठलगायत सात जना कर्मचारीलाई ६ देखि ७ घण्टासम्म बन्धक बनाउने तथा सरकारी गाडी जलाउने जस्ता घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउन नसकिएकोप्रति पनि अभियानले गम्भीर आपत्ति जनाएको छ ।

अभियानले आफ्नै मातहतका कर्मचारीमाथि भएको अमानवीय घटनाप्रति मन्त्रालय मौन बसेको भन्दै त्यसलाई अस्वीकार्य रहेको जनाएको छ ।

ज्ञापनपत्रमार्फत अभियानले तीनबुँदे माग अघि सारेको छ । मागहरूमा हेमन्त प्रसाद साहको सरुवा आदेश कार्यान्वयन गरी तत्काल प्रदेशमा हाजिर गराउने तथा रौतहटमा नयाँ डिभिजनल वन अधिकृत खटाउने, रौतहट वन क्षेत्रसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने तथा महोत्तरीको बर्दिबास-कालापानी घटनाका दोषीहरूलाई कानुनी कारबाही गरी पीडित वन कर्मचारीहरूलाई न्याय दिनुपर्ने रहेका छन् ।

अभियानले आफ्ना मागहरू यथाशीघ्र सम्बोधन नगरिए सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएको छ ।

ध्यानाकर्षण पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय महोत्तरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधाम, गृह मन्त्रालय सिंहदरबार काठमाडौं तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंमा समेत पठाइएको छ ।

## मधेशमा 'भुसको आगो' बन्दै .............

छन् ।

'अधिकांश घटनामा प्रयोगकर्ता नै पछि सप्लायर बनेको देखिन्छ । उनीहरूले भारतबाट ल्याएर काठमाडौं, हेटौंडा, नारायणघाटजस्ता सहरसम्म पुर्‍याउँछन्,' उनले भने ।

उनका अनुसार प्रहरीले साना भरियालाई पक्राउ गरे पनि आपूर्ति शृंखलाको माथिल्लो तहसम्म पुग्न अझै चुनौती छ ।

**कागजमै सीमित योजना**

लागुऔषध नियन्त्रण सम्बन्धी नीतिगत दस्तावेज र अध्ययन प्रतिवेदनहरूले लामो समयदेखि कानुन सुधार, रोकथाम, उपचार र पुनः स्थापनामा जोड दिँदै आएका छन् ।

महान्यायाधिवक्ताको कार्यालयले २०७१ सालमै लागुऔषध नियन्त्रण ऐन २०३३ को पुनरावलोकन आवश्यक रहेको निष्कर्ष निकालेको थियो । त्यस बेला प्रस्तावित लागुऔषध नियन्त्रण ऐन २०७१ तयार गरिएको भए पनि त्यो ऐन बन्न सकेन । एक दशकभन्दा बढी समय बितिसक्दा पनि नयाँ कानुन आउन सकेको छैन ।

गृह मन्त्रालयले तयार गरेको राष्ट्रिय गुरूयोजना (२०७९-२०८४) मा नयाँ कानुन, उपचार सेवा विस्तार, पुनः स्थापना केन्द्रको सुदृढीकरण र नियमित सर्वेक्षणको व्यवस्था गर्ने लक्ष्य राखिएको छ । तर अधिकांश कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

मधेश प्रदेशको दोस्रो आवधिक योजनाले कुलतमुक्त प्रदेश निर्माणको लक्ष्य राखे पनि प्रदेश सरकारका नीति तथा कार्यक्रममा यो विषयले पर्याप्त प्राथमिकता पाउन नसकेको सरोकारवालाहरूको गुनासो छ ।

मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष सोहनप्रसाद साह भन्छन्, 'विद्यालयको शुल्क तिर्न कठिन हुने परिवारले पुनः स्थापना केन्द्रको मासिक शुल्क कसरी तिर्न सक्छन् ? धेरै परिवार आर्थिक रूपमा थलिएर बसेका छन् ।'

आर्थिक वर्ष ०८१/८२ मा सुरक्षा निकायसँग सहकार्य गरेर अनुदानमा प्रादेशिक सुधार केन्द्र सञ्चालन गर्ने कार्यक्रम राखिए पनि कार्यान्वयन हुन नसकेको उनले बताए ।

'सुरक्षा निकायको व्यवस्थापनमा सुधार केन्द्र सञ्चालन गर्ने सोचले कार्यक्रम डिजाइन गरेका थियौं,' उनले भने, 'यसले एकातिर लागुऔषध दुर्व्यसन नियन्त्रण हुन्थ्यो, अर्कोतिर अपराध अनुसन्धानमा सहयोग मिल्थ्यो । तर कार्यक्रम सञ्चालन हुन सकेन ।'

पुनः स्थापना तथा सुधार केन्द्रहरूले मासिक १५ हजार रूपैयाँभन्दा बढी शुल्क लिने गरेका छन् ।

मधेश प्रदेश सरकारको आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममा लागुऔषध दुर्व्यसन न्यूनीकरणका लागि विद्यालय, कारागार र सार्वजनिक स्थलहरूमा विपश्यना, योग तथा ध्यान अभियान सञ्चालन गर्ने, प्रदेशभित्रका सुधार गृह तथा पुनःस्थापना केन्द्रहरूको पूर्वाधार विकास तथा चिकित्सक सेवाका लागि विशेष अनुदान दिने कार्यक्रम राखिएको छ ।

**अपराधीकरण मात्र समाधान होइन**

विशेषज्ञहरूका अनुसार लागुऔषध दुर्व्यसनलाई केवल कानुनी वा आपराधिक समस्याका रूपमा हेरेर समाधान सम्भव छैन । यसलाई सामाजिक र मानसिक स्वास्थ्य समस्याका रूपमा हेरिनुपर्छ ।

नेसनल मेडिकल कलेजका मानसिक रोग विशेषज्ञ डा. भरतकुमार गोइतका अनुसार लागुऔषध प्रयोग र मानसिक स्वास्थ्य समस्याबीच गहिरो सम्बन्ध छ ।

'दुर्व्यसनलाई अपराध वा बदमासी मात्रै होइन, उपचार आवश्यक पर्ने मानसिक स्वास्थ्य समस्याका रूपमा पनि बुझ्नुपर्छ,' उनले भने, 'सेवनकर्तासम्म पुगेर उपचार, परामर्श र पुनः स्थापनाको प्रभावकारी संयन्त्र बनाउनु आवश्यक छ ।'

पोखरा विश्वविद्यालयका राजेश कुमार यादवका अनुसार लागुऔषध मधेशमा 'भुसको आगो' जस्तै फैलिरहेको छ । यसको असर अपराध, हिंसा जस्ता सामाजिक र एचआइभी, हेपाटाइटिस लगायत जनस्वास्थ्यमा देखिने गरेको उनी बताउँछन् ।

समाजशास्त्री विरेन्द्रप्रसाद साह परिवारसँगको दूरी, सामाजिक निगरानीको कमी, बेरोजगारी र सामाजिक सञ्जालको प्रभावले युवालाई कुलततर्फ धकेलिरहेको बताउँछन् ।



'मधेशमा लागुऔषधको समस्या केवल प्रहरी कारबाहीको विषय होइन । यो जनस्वास्थ्य, शिक्षा, परिवार, रोजगारी र सामाजिक सुरक्षासँग जोडिएको बहुआयामिक संकट हो । खुला सीमा, सहज उपलब्धता, कमजोर रोकथाम प्रणाली र सीमित उपचार सेवाले समस्या झन् जटिल बनाइरहेको छ,' उनले भने ।

सुरूको चरणमै सेवनकर्ता पहिचान गर्ने र सुधारका लागि लैजाने संयन्त्र राज्यले तयार गर्नुपर्ने उनीहरूको भनाइ छ ।

**तत्कालीन डिआइजी गोविन्द थपलियाको भनाइ–**

मधेशमा लागुऔषध सेवनकर्ताको संख्या बढी भएकाले कारोबार पनि बढेको देखिन्छ । पारिवारिक समस्या, सामाजिक दबाब तथा समसामयिक परिस्थितिबाट उत्पन्न तनाव र निराशाका कारण धेरैजना दुर्व्यसनमा फस्ने गरेका छन् ।

लागुऔषध प्रयोगकर्तालाई सामाजिक दृष्टिले मानसिक समस्या भएका व्यक्तिका रूपमा हेरी उपचार र पुनः स्थापना गर्नु आवश्यक छ । समस्या पहिचान गरी समाधानका लागि राज्यका सबै निकाय मिलेर काम गर्नुपर्छ, प्रहरी मात्रले समाधान गर्न सक्दैन ।

हाल प्रहरीको भूमिका मुख्यतः लागुऔषधको कारोबार, ओसारपसार नियन्त्रण र बरामद गर्नेमा केन्द्रित छ, जसलाई 'सप्लाई कन्ट्रोल' भनिन्छ । तर जबसम्म प्रयोगकर्ताको संख्या (माग) घट्दैन, तबसम्म आपूर्ति नियन्त्रण मात्रले समस्या समाधान हुँदैन ।

खुला सीमाका कारण लागुऔषधको सहज पहुँच पनि चुनौतीका रूपमा छ । नेपालमा धेरैजसो कारोबार व्यक्तिगत प्रयोग वा साना समूहमा सीमित भए पनि केही ठूला अन्तर्राष्ट्रिय नेटवर्क पनि संलग्न छन् ।

लागुऔषध प्रयोगपछि आर्थिक समस्या उत्पन्न हुन्छ । पैसा अभाव भएपछि प्रयोगकर्ताले पुनः प्रयोगका लागि सानो मात्रामा लागुपदार्थ ल्याउने, साथीलाई खुवाउने, पैसा उठाउने र पुनः प्रयोग गर्ने चक्रमा फस्ने प्रवृत्ति देखिन्छ ।

समाधानका लागि माग घटाउने, पुनः स्थापना केन्द्र विस्तार गर्ने, संघ, प्रदेश तथा स्थानीय सरकार मिलेर रोजगारी दिने तथा सामाजिक पुनः एकीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

हामीले मधेशमा लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३ सञ्चालन गरेका छौं । जसअन्तर्गत सीमा नाकाहरूमा लागुऔषध परीक्षण केन्द्र स्थापना गरी 'ड्रग टेस्ट किट' मार्फत लागुऔषध सेवन गरे नगरेको पत्ता लगाउने कार्य भइरहेको छ ।

२०८३ वैशाख २७ देखि जेठ मसान्तसम्म १२९ जना लागुऔषध प्रयोगकर्ता पहिचान भएको छ । १९४ जना अभिभावकलाई जिम्मा लगाएका थियौं भने २८ जना ओसारपसारमा संलग्न देखिएपछि लागुऔषध मुद्दा चलाएका छौं ।

लागुऔषध प्रयोगकर्तालाई सुधार गर्न मधेशमा प्रदेशस्तरीय पुनः स्थापना केन्द्र स्थापना गर्नेबारे प्रदेश सरकारसँग छलफल भइरहेको छ ।

## अनियन्त्रित कारले घरअगाडि .............

फरार भएको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार घटनामा गुनाई ठाकुरसहित स्थानीय ३९ वर्षीय रामपुकार ठाकुर, ३२ वर्षीया सुभली कुमारी यादव, १० वर्षीय रोशन यादव र ६ वर्षीय शुभम ठाकुर बालक घाइते भएका छन् । शुभम ठाकुर मृतक गुनाइ ठाकुरका नाती हुन । यसबाहेक अन्य केही स्थानीयलाई पनि सामान्य चोटपटक लागेको बताइएको छ ।

गम्भीर घाइते गुनाई ठाकुरलाई उपचारका लागि विराटनगर लगिँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । अन्य घाइतेमध्ये रामपुकार ठाकुरको काठमाडौंस्थित एक अस्पतालमा उपचार भइरहेको छ भने बाँकी घाइतेहरूको मिर्चैयास्थित विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको छ ।

प्रहरीले दुर्घटनामा संलग्न इभी कार घटनास्थलबाटै नियन्त्रणमा लिएको छ भने चालकलाई लिएर फरार भएको पिकअप गाडीलाई बिहीबार बिहान मिर्चैया नगरपालिका-७ को छघरे क्षेत्रबाट नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीका अनुसार दुवै सवारीसाधनबाट कपडा, विभिन्न कागजात तथा मदिराजन्य सामग्रीसमेत बरामद भएको छ । घटनामा संलग्न रहेको आशंकामा मिर्चैया-७ निवासी रामकुमार यादव र मिर्चैया-८ निवासी मनोज झा लगायतका व्यक्तिहरूको खोजी तथा अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएकाछन् ।

दुर्घटनाको प्रकृति, फरार व्यक्तिहरूको भूमिका तथा घटनामा मदिरा सेवनको संलग्नता भए-नभएको विषयमा समेत विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## रास्वपा महाधिवेशनमा नगएका .............

दस्तावेज पारित गरेपछि त्यस विषयमा राजनीतिक वृत्तमा बहस सुरु भएको छ । रास्वपाले महाधिवेशनमा प्रदेश सभा खारेज गर्ने दस्तावेज पारित गरेको थियो ।

रास्वपा र सरकारका गतिविधिप्रति आलोचनात्मक धारणा राख्दै आएका सिंह पार्टीको प्रथम महाधिवेशनमा पनि गएका थिएनन् ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

# प्रदेशसभा खारेज गर्ने रास्वपाको प्रस्ताव फिर्ता लिन आजपाको माग

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ११ गते**

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीले चितवन महाधिवेशनबाट प्रदेशसभा खारेज गर्ने प्रस्ताव गरेकोमा फिर्ता लिन आम जनता पार्टीले माग गरेको छ।

आजपा प्रवक्ता तिलक थापा मगरले विहीबार प्रेस विज्ञप्ति जारी गर्दै प्रदेशसभा खारेज गर्ने रास्वपाको निर्णयप्रति गम्भीर आपत्ति जनाएका हुन्।

विविधता र असमानताले भरिएको नेपाली समाजमा संघीयता लामो त्याग, संघर्ष र बलिदानबाट प्राप्त भएको इतिहासलाई रास्वपाले नजरअन्दाज नगरोस भन्ने आजपाको आग्रह छ।



'संघीयता कार्यान्वयनको सवालमा यसका संरचनालाई बलियो बनाउनुको साटो स्वेच्छाचारी ढंगले प्रदेशसभाको खारेज गर्ने प्रतिवेदन पारित गर्नु स्वयम रास्वपाको लागि पनि प्रत्यूत्पादक साबित हुनेछ। तत्काल रास्वपाले यो निर्णय फिर्ता लिई पुनरावलोकन गरोस भनी हाम्रो पार्टी विशेष आग्रह गर्दछ,' आजपा प्रवक्ता थापा मगरले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

२१ फागुनको निर्वाचनमा रास्वपाले गरेको राजनीतिक वाचाविपरित संघीयता नै खारेज गर्ने गरी पछि फर्कनु सर्वथा जनमतको अपमान भएको आजपाको भनाइ छ।

'विगतमा पूराना दलले जे विकृत अभ्यास गर्दै आएका थिए, अहिले नयाँ र विकल्प दिन्छौं भन्ने रास्वपाले पनि जनमत लिने बेलामा एकथरि र जनमत लिनेबित्तिकै ठिक त्यसको विपरित निर्णय गर्नु जनादेशको अपमान र लोकतन्त्रको उपहास हो। एकातिर चुनावमा संघीयता बलियो बनाउँछु भनेर सार्वजनिक प्रतिबद्धता गरेर जनमत बटुलेर सरकार बनाउने अनि एकसय दिन पनि नबित्दै जनमतलाई लत्याएर संघीयता पुनर्संरचनाको नाममा प्रदेशसभा खारेज गर्ने कुरा आपत्तिजनक छ,' विज्ञप्तिमा भनिएको छ।

# ८ दिनदेखि राइस मिलको गेटमा व्यवसायीको धर्ना

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ११ गते**

सिरहाको धनगढीमाई नगरपालिका-९ स्थित कौशल एग्रो राइस मिलको गेटमा धान व्यापारीहरू ८ दिनदेखि धर्नामा बसेका छन्।

बिक्री गरेको धानको भुक्तानी नपाएपछि उनीहरू धर्नामा बसेका हुन्।

मिलले धानको रकम नदिएको भन्दै धान व्यापारीहरू मिलको मुख्य गेट अगाडि धर्नामा बसेका हुन्।

गाउँ-गाउँबाट किसानको धान खरिद गरी राइस मिललाई बुझाए पनि ६ देखि ८ महिनासम्मको भुक्तानी आफूहरूले नपाएको उनीहरूको गुनासो छ।

धान व्यापारी रामनाथ साहले राइस मिलले धानको भुक्तानी नदिँदा किसानहरू आफ्नो घरमै पैसा माग्न आउने गरेको सुनाए।

'हामी किसानको घर-घर पुगेर धान किनेर उद्योगमा बुझाउँछौं। उद्योगले पैसा नदिँदा अहिले किसानहरू हामीमाथि दबाब दिन बाध्य छन्,' उनले भने।

व्यापारी प्रमेश साहका अनुसार आफू सहित चार जना व्यापारीको करिब ४० देखि ४५ लाख रुपैयाँ उद्योगसँग बाँकी छ।

'पुसमै पैसा दिने भनिएको थियो। पटक-पटक ताकेता गर्दा पनि सुनुवाइ भएन। आठ दिनदेखि धर्नामा बस्दा समेत समस्या समाधानको पहल भएको छैन,' उनले गुनासो गरे।



व्यापारी उमेशकुमार महतोले रोपाइँको समयमा किसानलाई नगद अभाव भएको बताए। मल, बीउ, खेत जोत्न र रोपाइँका लागि किसानलाई तत्काल पैसा चाहिएको छ। उद्योगले रकम नदिँदा किसानहरू ऋण खोज्न बाध्य भएको उनले बताए।

आन्दोलनरत व्यापारीहरूका अनुसार करिब १ हजार ५० क्विन्टल धानको मूल्य बराबर ४०-४५ लाख रुपैयाँ भुक्तानी हुन बाँकी छ।

भुक्तानी नपाएसम्म आन्दोलन जारी राख्ने उनीहरूको चेतावनी छ।

व्यापारी अशोककुमार महतोले इलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिइसकेको जानकारी दिए।

हामी शान्तिपूर्ण आन्दोलनमा छौं तर समस्या समाधानका लागि प्रभावकारी पहल भएको छैन। उल्टै उद्योग पक्षबाट दबाब र धम्कीसमेत आउने गरेको उनले आरोप लगाए।

यता, कौशल एग्रो राइस मिलका सञ्चालक कुशेश्वर प्रसाद साहले भने व्यापारीहरूको आरोप अस्वीकार गरेका छन्।
उनले सबै रकम भुक्तानी गरिसकेको दाबी गर्दै आफू नै अन्यायमा परेको बताए। उनका अनुसार केही महिनाअघि गोलबजारका व्यापारी महेश साहसँग उद्योग खरिद गरिएको थियो तर सम्झौताअनुसारका सबै विषय हस्तान्तरण नभएकाले आफूले पनि जिल्ला प्रहरी कार्यालय सिरहामा निवेदन दिएको बताएका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठक ले व्यापारीहरूको निवेदनमाथि अनुसन्धान भइरहेको बताए।

'सञ्चालकलाई सम्पर्क गर्दा कहिले विराटनगर, कहिले काठमाडौं रहेको भन्दै छलफल टार्ने गरिएको छ। अब दुवै पक्षलाई राखेर छलफल गराउने प्रयास गर्छौं। उपस्थित नभए कानुनी प्रक्रिया अगाडि बढाइनेछ,' उनले भने।

व्यापारीहरूले भने रकम भुक्तानी भएको दाबी गर्ने उद्योग पक्षलाई त्यसको प्रमाण सार्वजनिक गर्न चुनौती दिएका छन्।

किसान, व्यापारी र उद्योगबीचको विवाद लम्बिँदै जाँदा यसको सबैभन्दा ठूलो मार भने रोपाइँको मुखमा नगद अभाव झेलिरहेका किसानहरूलाई परेको छ।

# पाँच गाडीसहित तस्करीको सामान सशस्त्र प्रहरीले गर्‍यो बरामद

**अपन दैनिक संवाददाता**
**सर्लाही, असार ११ गते**

सर्लाहीमा सशस्त्र प्रहरीले ठूलो परिमाणमा तस्करी हुन लागेको सामान लोड भएको चार भारतीय बोलेरो पिकअप र एक नेपाली आईचर ट्रकसहित ५ वटा सवारी साधन समेत नियन्त्रणमा लिएको छ।

पछिल्लो समय बीउजन्य वस्तुको अवैध कारोबार बढ्दै गएको गुनासो बढ्दै गएको बेला सशस्त्र प्रहरी बलले तस्करी नियन्त्रणमा लगातार सक्रियता देखाएसँगै गए राति अबेर बलरा नगरपालिका-२ स्थित हतिवल बाँध नजिकको सीमावर्ती क्षेत्रबाट अवैध रूपमा भारततर्फ तस्करी हुँदै गरेको करिब एक करोड रुपैयाँ बराबरको खरबुजाको बीउ सशस्त्र प्रहरीले बरामद गरेको हो।

असार १० गते राति करिब १० बजे विशेष सूचनाको आधारमा सीमा सुरक्षा गुल्म मुख्यालय सिमराबाट सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णुदत्त अवस्थी, सीमा सुरक्षा गुल्म मुख्यालय मलंगवाबाट सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णु अधिकारी तथा नं. १० गण मुख्यालय सर्लाहीबाट सशस्त्र प्रहरी निरीक्षक कृष्ण गुरुङको कमाण्डमा खटिएको करिब ८० जनाको संयुक्त टोलीले सीमा क्षेत्रमा छापा मारेको थियो।

टोलीले नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरिएको २ सय बोरा खरबुजाको बीउ चार वटा भारतीय नम्बर प्लेटका बोलेरो र एक नेपाली नम्बर प्लेटको मिनी ट्रकमा लोड गरिएको अवस्थामा फेला पारेको थियो। सशस्त्र प्रहरी पुगेको थाहा पाए लगत्तै संलग्न व्यक्तिहरू गाडी तथा सामान छाडेर फरार भएका थिए।

त्यसपछि प्रहरीले गाडीसहित सामान नियन्त्रणमा लिएको जनाएको छ। मधेश प्रदेश-०३-००२ख ०३०६ नम्बरको आईचर ट्रक, बिआर ३० जीबि २६७२ नम्बरको भारतीय बोलेरो पिक अप, बिआर ०६ ई ९६२९ नम्बरको बोलेरो पिकअप, बिआर ०६ जीएच ११२१ र बिआर ०६ जीजी ९४७१ नम्बर गरेर ४ भारतीय बोलेरो पिकअप गाडी रहेका छन्।

बरामद गरिएको खरबुजाको बीउको अनुमानित मूल्य एक करोड रुपैयाँ रहेको बताइएको छ।

सामान तथा सवारी साधन आवश्यक कारबाहीका लागि सर्लाही भन्सार कार्यालय पठाइएको छ भने फरार व्यक्तिहरूको खोजी भइरहेको छ। सशस्त्र प्रहरी वल सर्लाहीका



प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक एकराज बुरलाकोटीले ती गाडीहरूमा लोड गरिएका सामानहरूको पूर्ण विवरण र मूल्याङ्कन भन्सार कार्यालयले परीक्षण भइरहेकाले यकिन तथ्यांक आउन समय लाग्ने जानकारी दिए।


## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं।
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौ।
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं।
- घर तथा वातावरण सफा र स्वच्छ राखौं।
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं।
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं।
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं।
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।

**सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# कक्षा १२ को नतिजामा लापरबाही भएको विद्यार्थीहरूको ............

गरेपछि मात्र वास्तविकता बाहिर आउँछ,' उनले भने, 'मलाई आफूले लेखेको जबाफमा पूरा भरोसा छ। विद्यार्थीहरूको गल्ती होइन। त्यसैले रि-चेकिङको शुल्क लिन पाइँदैन।'

राष्ट्रिय परीक्षा बोर्डले रि-टोटलिङ गर्न १ हजार र उत्तरपुस्तिक पुनः जाँच गर्न १५ सय रूपैयाँ शुल्क लिन्छ। अहिले उत्तरपुस्तिका पुनः जाँच गर्नुपर्ने बाध्यता बोर्डले नै सिर्जना गराएकाले शुल्क छुट दिनुपर्ने उनी बताउँछन्।

एक महिनामै रिजल्ट निकाल्ने नाममा विद्यार्थीहरूको भविष्यसँग हेलचेक्र्याइँ गर्न पाइँदैन भन्दै प्रदर्शनमा सहभागीहरूले रिजल्ट निकाल्न कुन मापदण्ड प्रयोग गरिएको हो भन्ने प्रश्न पनि गरेका छन्।

माइतीघर प्रदर्शनमा सहभागी हुन आएका विद्यार्थीहरू धेरै जाँचमा पास भएका नै छन्। तर उनीहरू आफूले पाएको ग्रेडसँग सन्तुष्ट छैनन्। त्यही भएर उत्तरपुस्तिका फेरि जाँच गर्नुपर्ने उनीहरूको माग छ।

'अधिकांश विद्यार्थीलाई पास भए पनि ग्रेड चित्त बुझेको छैन। आफूले जस्तो जाँच दिएर आएको हो, त्यस अनुसार रिजल्ट किन आएन भनेर हामीले सरकारलाई प्रश्न सोधेका हौं। सरकारले यसको जबाफ दिनुपर्छ,' स्मृति खतिवडाले भनिन्, 'हाम्रो माग रि-टोटलिङ होइन, कापी रि-चेकिङ नै हो। रि-चेकिङले मात्र वास्तविकता बाहिर आउँछ।'

बोर्डको गल्तीमा विद्यार्थीलाई नै दोषी देखाएर शुल्क असुल्ने प्रवृत्तिको पनि उनले विरोध गरिन्।

माइतीघर मण्डलमा प्रदर्शन गरेका विद्यार्थीले 'हाम्रो भविष्य बर्बाद भयो, हामी न्याय खोज्न कहाँ जाऊँ?', 'अनफेयर रिजल्ट' लगायत नारा लेखिएका प्लाकार्ड बोकेका थिए।

विद्यार्थीहरूका यी गुनासाबारे हामीले राष्ट्रिय परीक्षा बोर्डका सहसचिव तथा प्रवक्ता जयन्ती सत्यालसँग कुरा गरेका छौं।
उनले 'विद्यार्थीहरूलाई आफ्नो नतिजामा चित्त नबुझे सम्बन्धित निकायमा आउने हो, माइतीघर मण्डलमा जाने होइन' भन्ने प्रतिक्रिया दिइन्।

'बोर्डमा आएर आफ्नो समस्या राखे रि-टोटलिङ र उत्तरपुस्तिका रि-चेकिङ दुवैको सुविधा पाइन्छ। माइतीघरमा गएर के हुन्छ?' उनले भनिन्, 'यहाँ आउने विद्यार्थीहरूको समस्या हामीले समधान गरिरहेकै छौं।'

कक्षा १२ कै रिजल्टबारे गुनासो लिएर आएका कतिपय विद्यार्थी आफ्नो समस्याको समाधान लिएर फर्किसकेको उनले बताइन्।

विद्यार्थीहरूले भनेजस्तो एक महिनामा नतिजा सार्वजनिक गर्ने क्रममा कुनै किसिमको लापरबाही नभएको दाबी गर्दै सत्यालले भनिन्, 'गत वर्षहरूमा झैं अनुभवी र विषय शिक्षकहरूले नै उत्तर पुस्तिका जाँच गरेका हुन्। गत वर्षको तुलनामा यसपालि केही जनशक्ति र परीक्षण केन्द्रहरू थप गरेर हामीले दिनरात नभनी काम गरेका थियौं।'

बोर्डले विद्यार्थीको भविष्यलाई लिएर कहिले पनि कुनै सम्झौता नगर्ने उनको भनाइ छ।

यसबीच शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले कक्षा १२ को नतिजा प्रक्रियाबारे आफ्नो धारणा सार्वजनिक गरेका छन्।

'यस प्रक्रियाप्रति हामी स्पष्ट र विश्वस्त छौं। नतिजा समयमै प्रकाशन गर्न कुनै हतार गरिएको होइन, बरू आवश्यक जनशक्ति थप गरी र अनावश्यक प्रशासनिक प्रक्रियाहरू छोट्याई नतिजा प्रकाशित हुनुपर्ने समयमा नै प्रकाशित गरिएको हो,' उनले सामाजिक सञ्जालमा लेखेका छन्।

'यस विषयमा शान्तिपूर्ण रूपमा आफ्नो धारणा राख्दै गरिएको आन्दोलनप्रति हामी सम्मान व्यक्त गर्दछौं। लोकतान्त्रिक समाजमा आफ्ना आवाज उठाउने अधिकारको सम्मान गरिनुपर्छ,' उनले अगाडि लेखेका छन्, 'यस विषयसँग सम्बन्धित केही समाचार तथा सामाजिक सञ्जालका प्रतिक्रियाहरू हेर्दा, विद्यार्थीहरूप्रति गरिएका केही नकारात्मक तथा असम्मानजनक टिप्पणीहरूले मेरो ध्यानाकर्षण भएको छ। शान्तिपूर्ण रूपमा आन्दोलन गरिरहेका कुनै पनि व्यक्ति वा समूहप्रति सामाजिक सञ्जालमा दुर्व्यवहार, गालीगलौज वा असम्मानजनक टिप्पणी नगर्न सबैमा अनुरोध गर्दछु।

मन्त्री पोखरेलले शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव र पाठ्यक्रम विकास केन्द्रका उपसचिवको समेत प्रतिनिधित्व रहने गरी उत्तरपुस्तिकाको नमूना परीक्षण तथा परीक्षांक तथा डेटा इन्ट्रीको प्रमाणीकरण गर्न समिति गठन गरिएको जानकारी पनि दिएका छन्।


